# प्रदेश राजपत्र


सुदूरपश्चिम प्रदेश सरकारद्वारा प्रकाशित

खण्ड ४) धनगढी, नेपाल, कार्तिक ६ गते, २०७७ साल (अतिरिक्ताङ्क ९(ग)


## भाग २

## सुदूरपश्चिम प्रदेश सरकार

## मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

### प्रदेश नीति तथा योजना आयोग (गठन तथा कार्य सञ्चालन) (पहिलो संशोधन) आदेश, २०७७

प्रदेश नीति तथा योजना आयोग (गठन तथा कार्य सञ्चालन) आदेश, २०७६ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,



सुदूरपश्चिम प्रदेश सरकार (मन्त्रिपरिषद्) ले देहायको आदेश जारी गरेको छ ।

१. संक्षिप्त नाम र प्रारम्भः (१) यस कार्यविधिको नाम "प्रदेश नीति तथा योजना आयोग (गठन तथा कार्य सञ्चालन) (पहिलो संशोधन) आदेश, २०७७" रहेको छ।

(२) यो आदेश प्रदेश सरकार (मन्त्रिपरिषद्) ले स्वीकृत गरेको मितिदेखि लागू हुनेछ ।

२. प्रदेश नीति तथा योजना आयोग (गठन तथा कार्य सञ्चालन) आदेश, २०७६ को दफा २ मा संशोधनः प्रदेश नीति तथा योजना आयोग (गठन तथा कार्य सञ्चालन) आदेश, २०७६ (यसपछि "मूल आदेश" भनिएको) को दफा २ को खण्ड (च) मा रहेको "दफा ९" भन्ने शब्दहरुको सट्टा "दफा ७" भन्ने शब्दहरु कायम गरिएका छन् ।

३. मूल आदेशको दफा ३ मा संशोधनः मूल आदेशको दफा ३ को उपदफा (२) को खण्ड (घ) मा रहेको "सदस्य सचिव" भन्ने शब्दहरुको सट्टा "सदस्य" भन्ने शब्द कायम गरी देहायको "खण्ड (ङ)" थप गरिएको छः-

"(ङ) प्रदेश सचिव, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय - सदस्य सचिव"

४. मूल आदेशको दफा ७ मा संशोधनः मूल आदेशको दफा ७ को उपदफा (२) को खण्ड (ङ) र (ज) को सट्टा देहायको खण्ड (ङ) र खण्ड (ज) कायम गरिएका छन् :-

"(ङ) परिषद्को अध्यक्षले तोकेको प्रदेशभित्रका जिल्ला समन्वय समितिका प्रमुखहरुमध्येवाट चार जना र उपप्रमुखहरु मध्येवाट पाँच जना - सदस्य

(ज) परिषद्को अध्यक्षले तोकेको प्रदेशभित्रका स्थानीय तहका प्रमुख वा अध्यक्षमध्येबाट चार जना र उपप्रमुख वा उपाध्यक्ष मध्येवाट पाँच जना - सदस्य"

साथै, खण्ड (झ) मा रहेको "एक तिहाई महिला सहित प्रदेश सरकारवाट मनोनित दश जना" भन्ने शब्दहरुको सट्टा "तीनजना महिला सहित परिषद्को अध्यक्षले मनोनित गरेको छ जना" भन्ने शब्दहरु कायम गरिएका छन् । र उपदफा (३) मा रहेको "आर्थिक मामिला तथा योजना मन्त्रालयको" भन्ने शब्दहरुको सट्टा "मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको" भन्ने शब्दहरु कायम गरिएका छन् ।

५. <u>मूल आदेशको दफा १२ मा संशोधनः</u> मूल आदेशको दफा १२ को खण्ड (ग) को सट्टा देहायको खण्ड (ग) कायम गरिएको छ :-

"(ग) नेपाल सरकारद्वारा मान्यता प्राप्त विश्वविद्यालयबाट दफा ३ को उपदफा (३) मा उल्लिखित विषयक्षेत्रसँग सम्बन्धित विषयमा विद्यावारिधी हासिल गरेको वा विश्वविद्यालयको सहप्राध्यापक भै काम गरेको वा नेपाल सरकारद्वारा मान्यता प्राप्त विश्वविद्यालयबाट स्नातकोत्तर तहको शैक्षिक उपाधी हासिल गरी सरकारी निकाय वा संस्थाको नीति निर्माण तह वा विकास योजना, नीति अनुसन्धान, कानून वा प्राज्ञिक क्षेत्रमा कम्तीमा सात वर्ष काम गरी विशिष्टता हासिल गरेको,"





६. <u>मूल आदेशको दफा १९ मा संशोधनः</u> मूल आदेशको दफा १९ को उपदफा (२) मा रहेको "आर्थिक मामिला तथा योजना मन्त्रालयको" भन्ने शब्दहरुको सट्टा "मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको" भन्ने शब्दहरु कायम गरिएका छन् ।

मन्त्रिपरिषद्बाट स्वीकृत मितिः२०७७।०७।०६

आज्ञाले,
किशोर कुमार चौधरी
प्रदेश सरकारका सचिव



मुद्रकःआन्तरिक मामिला तथा कानुन मन्त्रालय, धनगढी, कैलाली ।मुल्यः रु. ५।-